**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - २७**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ असार २३ गते सोमबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको सत्ताईसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **विहान ११:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७६ अन्तर्गत विभिन्न मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम प्रारम्भ भएको जानकारी गराउनुहुँदै माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादवलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादवले दिनुभएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई १ मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. सरिता प्रसाईं
२. मा. अनिता देवकोटा
३. मा. रामपृत पासवान
४. मा. रामलखन चमार
५. मा. विन्दादेवी आले राना
६. मा. सुमनराज प्याकुरेल
७. मा. मुक्ता कुमारी यादव
८. मा. रमेश प्रसाद यादव
९. मा उदया शर्मा पौडेल
१०. मा. कमला कुमारी ओली

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादवलाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री वर्षमान पुनलाई ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री वर्षमान पुनले दिनुभएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई १ मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. मुक्ता कुमारी यादव
२. मा. प्रकाश पन्थ
३. मा. रमेश प्रसाद यादव
४. मा. बद्री प्रसाद पाण्डे

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री वर्षमान पुनलाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणि पोखरेललाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणि पोखरेलले दिनुभएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई १ मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. मुक्ता कुमारी यादव २. मा. ठगेन्द्र प्रकाश पुरी ३. मा. उदया शर्मा पौडेल
४. मा. प्रकाश पन्थ ५. मा. डा. विमला राई पौड्याल ६. मा. रमेश प्रसाद यादव
७. मा. राम लखन चमार

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणि पोखरेललाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीलाई परराष्ट्र मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले दिनुभएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई १ मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. मुक्ता कुमारी यादव २. मा. रमेश प्रसाद यादव ३. मा. प्रकाश पन्थ

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीलाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले परराष्ट्र मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृहमन्त्री रामबहादुर थापालाई गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृहमन्त्री रामबहादुर थापाले दिनुभएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई १ मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. मुक्ता कुमारी यादव ३. मा. प्रमिला कुमारी
२. मा. प्रकाश पन्थ ४. मा. महेश कुमार महरा

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय गृहमन्त्री रामबहादुर थापालाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवले दिनुभएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई १ मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. तारादेवी भट्ट २. मा. धन कुमारी खतिवडा ३. मा. जितेन्द्रनारायण देव
४. मा. रमेश प्रसाद यादव ५. मा. चक्र प्रसाद स्नेही ६. मा. भैरव सुन्दर श्रेष्ठ

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवलाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेललाई रक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेलले दिनुभएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई १ मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. जितेन्द्रनारायण देव २. मा. रमेश प्रसाद यादव

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेललाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले रक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले दिनुभएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई १ मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. रमेश प्रसाद यादव २. मा. जितेन्द्रनारायण देव

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "विनियोजन विधेयक, २०७६" अन्तर्गत विभिन्न शीर्षकमाथिको दफावार छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "विनियोजन विधेयक, २०७६" अन्तर्गत विभिन्न शीर्षकहरूमाथि माननीय सदस्यहरूले राख्नुभएको खर्च कटौतीका प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गराउनुहुँदै माननीय अनिता

देवकोटाद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७६ अर्न्तगत "खानेपानी मन्त्रालयसँग सम्बन्धित शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस्" भनी राख्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा फिर्ता लिन समय दिनुहुँदा माननीय अनिता देवकोटाले पेश गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएपछि सम्माननीय अध्यक्षले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय मुक्ता कुमारी यादवद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७६ अर्न्तगत "कृषि तथा पशुपंक्षी विकास मन्त्रालयसँग सम्बन्धित शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस्" भनी राख्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा फिर्ता लिन समय दिनुहुँदा माननीय मुक्ता कुमारी यादवले पेश गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएपछि सम्माननीय अध्यक्षले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय बद्रीप्रसाद पाण्डेद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७६ अर्न्तगत "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस्" भनी राख्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा फिर्ता लिन समय दिनुहुँदा माननीय बद्री प्रसाद पाण्डेले पेश गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएपछि सम्माननीय अध्यक्षले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय प्रकाश पन्थद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७६ अर्न्तगत "श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस्" भनी राख्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा फिर्ता लिन समय दिनुहुँदा माननीय प्रकाश पन्थले पेश गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएपछि सम्माननीय अध्यक्षले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय रमेश जंग रायमाझीद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७६ अर्न्तगत "रक्षा मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित छुट्टाछुट्टै शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस्" भनी राख्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा फिर्ता लिन समय दिनुहुँदा माननीय रमेश जंग रायमाझीले पेश गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएपछि सम्माननीय अध्यक्षले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयकको दफा २ देखि १० सम्म र सोसँग सम्बन्धित अनुसूची १ र २ "विनियोजन विधेयक, २०७६" को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयकको निम्न व्यहोराको प्रस्तावना र नाम पढेर सुनाउनुभयो :

"प्रस्तावना : आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गतेदेखि लागू हुनेछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयकको प्रस्तावना र नाम "विनियोजन विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई "विनियोजन विधेयक, २०७६ लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई “आर्थिक विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

“आर्थिक विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनुहुँदै उक्त छलफलमा भाग लिन चाहने माननीय रामनारायण बिडारीलाई समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले अर्थमन्त्री डा. युवराज खतिवडालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “आर्थिक विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्रीले पेश गर्नुभएको “आर्थिक विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ पेश गर्दा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई “राष्ट्र ऋण उठाउने विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “राष्ट्र ऋण उठाउने विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनुहुँदै छलफलमा भाग लिन माननीय सदस्यहरूलाई अनुरोध गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “राष्ट्र ऋण उठाउने विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफलमा कुनै पनि माननीय सदस्यले भाग नलिनु भएपछि उक्त प्रस्ताव माथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्रीले पेश गर्नुभएको “राष्ट्र ऋण उठाउने विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई “ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनुहुँदै छलफलमा भाग लिन माननीय सदस्यहरूलाई अनुरोध गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफलमा कुनै पनि माननीय सदस्यले भाग नलिनु भएपछि उक्त प्रस्ताव माथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्रीले पेश गर्नुभएको “ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उपर्युक्त विधेयकहरूमाथि सुझाव पेश गर्न चाहने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ (संशोधन सहित) को नियम १३२ को उपनियम (४) बमोजिम विधेयक शाखा (राष्ट्रिय सभा) मा सुझाव सहितको सूचना दिन सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल असार २४ गते मंगलबार अपरान्ह ४:०० बजे बस्ने गरी अपरान्ह ३:२० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव